बैठक संख्याः ७/२०८२/०८३
मितिः २०८२/०९/१६
समयः दिउँसो १:०० बजे
स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भगिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल विक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |

अन्य

| | | | | |
|---|---|---|---|---|
| | ~~केशव बि.सी.~~ | केशव बि.सी. | प्र. अधिकृत | [illegible] |
| | | उदय के.सी. | [illegible] | |
| | | टेक ब. बुढाथोकी | स. शिक्षा अधिकृत | भूमे गा.पा. |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

: बैठक सं. ७/०८२-८३ मिति २०८२/०९/१६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णय नं. १:

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को बैठकको निर्णय कार्यान्वय सम्बन्धमा समीक्षा गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भएको खुसी व्यक्त गर्दै बाँकी निर्णयहरु समेत शिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २:

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो।

निर्णय नं. ३:

भूमे गाउँकार्यपालिकाको आर्थिक बर्ष २०८२।२०८३ को प्रथम चौमासिक अवधीमा सम्पादित भएका बिकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी प्रथम चौमासिक समिक्षा मिति २०८२।१०।०४ र ०५ गते भूमे गाउँकार्यपालिको कार्यालयको बैठकहलमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४:

भूमे गाउँकार्यपालिकाको आर्थिक बर्ष २०८२।२०८३ को प्रथम चौमासिक अवधीमा सम्पादित भएका बिकास निर्माण तथा सेवा प्रवाह सम्वन्धी सार्वजनिक सुनुवाई मिति २०८२।१०।०७ गते भूमे गाउँपालिका वडा नं. ४ मा अवस्थित काँडा स्वास्थ्य चौकीमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

भूमे गाउँकार्यपालिका कार्यालय र गाउँपालिका अन्तर्गतका कार्यालयहरुमा करार सम्झौत्ता पदपूर्ती भएको अवस्थामा रिक्त हुने गरी २०८२।१०।०१ गते देखि हुने गरी थप ६ महिनाको लागि करार म्याद थप गर्ने निर्णय गरियो

निर्णय नं. ६:

भूमे गाउँपालिका अन्तर्गतका तपशिल विवरण भएका निकायहरुमा देहायबमोजिम विवरण भएका स्थानीय व्यक्तिहरुवाट निशुल्क प्राप्त गर्ने स्वीकृत गरि सो निर्णयलाई स्वीकृतिको लागि सरकारी जग्गा, दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यनिति, २०८९ को दफा ५ को उपदफा १ बमोजिमको सिफारिस समितिमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

| क्र. सं. | जग्गाधनीको नाम | साविक गाविस | कि.नं. | वडा +--नं./नक्सा नं. | क्षेत्रफल (बर्ग मिटर) | निशुल्क जग्गा प्राप्त गर्ने सार्वजनिक निकाय |
|---|---|---|---|---|---|---|
| १ | डिल ब. डाँगी | चुनबाङ-१ | १४१ | १।१३२७/१३२८ | ४० | चुवबाङ स्वास्थ्य चौकी |
| | | | १४४ | १।१३२७/१३२८ | १४० | |
| | | | ५३९ | १।१३२७/१३२८ | १३०५ | |
| २ | कृष्ण ब. डाँगी | चुनबाङ-१ | १४५ | १/१३२७ | ६०५ | |
| ३ | मोतिराम डाँगी | चुनबाङ-१ | १४२ | १/१३२७ | ११० | |
| | | | ५३७ | १/११३२७ | ३७५ | |
| ४ | कमानसिँह डाँगी | चुनबाङ-१ | १४३ | १/११३२७ | ५५० | |
| | जम्मा | | | | ३१२५ | |

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. ७/०८२-८३ मिति २०८२।०९।१६ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

निर्णय नं. ७:

आजको बैठकबाट तपशिल बमोजिमको कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क) भूमे गाउँपालिकाको कृषी जैविक विविधता संरक्षण, उपयोग तथा प्रवर्द्धन कार्यक्रम संचालन कार्यविधि २०८२

ख) भूमे गाँउपालिकाको बेरुजु फर्छ्यौट गर्ने कार्यविधि २०८२

ग) भूमे गाउँपालिको लेखा समितिको गठन तथा कार्यसंचालन कार्यविधि २०८३

घ) भूमे गाउँपालिकाको गाउँ सभा सचिवालयको स्थापना तथा सञ्चालन कार्यविधि २०८२

निर्णय नं. ८:

भूमे गाउँपालिका अन्तर्गतका सामुदायिक विध्यालयहरुको सर्वेक्षण तथा नक्साङ्कन प्रतिवेदन २०८२ माथि व्यापक छलफल गरि सो प्रतिवेदनलाई थप परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ९:

भूमे गाउँपालिका रुकुम पूर्वको आर्थिक बर्ष २०८१।८२ को महालेखा परिक्षकको कार्यालयबाट प्राप्त लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन २०८२ मा व्यापक छलफल गरि परिक्षक अधिकारीले औंल्याईएका सुझाव र बेरुजुका दफाहरुमा असुल उपर भनिएका दफाहरुमा असुल उपर गर्ने र अनियमित लेखिएको बेरुजुलाई नियमित गरि सम्परिक्षण गर्ने र सुझावलाई कार्यान्वयन गर्ने र सो बहोरा जानकारीको लागि गाउँसभामा पेश गर्ने निर्णय सर्व सम्मती गरियो ।

निर्णय नं. १०:

भूमे गाउँकार्यपालिका अन्तर्गतका सम्पुर्ण कर्मचारीहरुलाई सुत्केरी स्याहार भत्ता बापत रु ५,०००।– अक्षरुपी रु पाँच हजार उपलब्ध गराउँदै आईरहेको शन्दर्भमा अबदेखि सबै खालको शिक्षक र बिध्यालय कर्मचारीलाई समेत सुत्केरी स्याहार भत्ता बापत रु ५,०००।-अक्षरूपी रु पाँच हजार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११:

भूमे गाउँकार्यपालिका कार्यपालिका अन्तर्गत बिषयगत शाखा/ईलाइ/वडा कार्यालय, स्वास्थ्य शाखाहरु तथा शैक्षिक संस्थाहरुमा कार्यरत सम्पूर्ण जनप्रतिवनिधी, राष्ट्रशेवक कर्मचारी तथा शिक्षकहरुकको बार्षिक रुपमा मासिक तलवको १ दिन बराबरको रकम (सुरु तलवमान) भूमे गाउँपालिकाको आकश्मिक खाताकोषमा जम्मा गर्ने निर्णय सर्वसम्तिमा गरियो ।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| ———— | कुनै मत | नरहेको ———— | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर
२०८२।०९।१६